आ.व. ०७७।०७८
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक नं. १६।०७७।०७८
मितिः-२०७७।१२।१७ गते
स्थानः- ता.न.पा सभाहल
समयः- विहान ८.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री अशोक कुमार शाही** ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री वरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |
| श्री वुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा १३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा ५ | सदस्य |
| श्री विमला वौडेल | का.पा सदस्य | ता.न.पा ८ | सदस्य |
| श्री भीम बहादुर कुमाल | का.पा सदस्य | ता.न.पा ७ | सदस्य |
| श्री पिताम्बर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव |

**आमन्त्रित**

| | | |
|---|---|---|
| श्री गणेश बहादुर थापा | का.बा. वडा अध्यक्ष | ता.न.पा ४ |
| श्री नारायण न्यौपाने | वडा सदस्य | ,, ९ |

Scanned with CamScanner

**निर्णय नं. १**

तानसेन नगरपालिका र स्वाभिमान कन्ट्रक्सन प्रा.लि. बीच मिति २०७७।०९।२२ गते भएको सम्झौता वमोजिम होलाङ्दी वसपार्क गैरागाँउ चिलाङ्दी तथा गैरागाँउ राईडाँडा सडक खण्डको स्थानीय पुर्वाधार (सडक) उपभोग शुल्क संकलनको लागि चालु आ.व. को वाकी अवधिको लागि रु. १५ लाखमा कार्य संचालन गर्न कार्यादेश दिईएकोमा सडकको स्वामित्वमा अन्यौलता सिर्जना भएकोले उक्त कार्य मिति २०७७।१०।१३ गते देखि स्थगन भएकोले स्वाभिमान कन्ट्रक्सन प्रा.लि.ले दरभाउपत्र /बोलपत्र दाखिला गर्दा जम्मा गरेको धरौटी रकम र सम्झौता गर्नु अगावै यस कार्यालयमा दाखिला गरेको रु. १५,००,०००। (पन्ध्र लाख), र कार्य संचालन पूर्व तयारी खर्च ४१,६६०। र दाखिला विगो रकम नियमानुसार हुन आउने रकम क्षतीपूर्ती सहित स्वाभिमान कन्ट्रक्सन प्रा.लि.लाई ता.न.पा. को आठौं नगरसभावाट पारित सम्सोधित विनियोजन ऐनको नगर विकास प्रवर्द्धनात्मक कार्यक्रमको **मागमा आधारित शिर्षकवाट** फिर्ता दिने निर्णय गरियो ।

**निर्णय न. २**

नेपाल सरकार भुमि सम्वन्धी समस्या समाधान आयोग जिल्ला समिति गठन भई कार्य प्रकृया अगाडी बढिरहेको र सो अन्तर्गत तानसेन नगरपालिका क्षेत्र भित्रका भूमिहिन वर्गको भूमि सम्वन्धी समस्या समाधानमा सहजिकरण गर्न देहाय वमोजिमको नगर स्तरीय समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री अशोक कुमार शाही नगर प्रमुख | **संयोजक** |
| श्री लक्ष्मी देवी पाठक नगर उपप्रमुख | उप संयोजक |
| श्री राष्ट्रिय मान्यता प्राप्त पार्टी (नेकपा एमाले) नगर प्रतिनिधी | सदस्य |
| श्री राष्ट्रिय मान्यता प्राप्त पार्टी (ने.का) नगर प्रतिनिधी | सदस्य |
| श्री राष्ट्रिय मान्यता प्राप्त पार्टी (नेकपा माओवादी) नगर प्रतिनिधी | सदस्य |
| श्री बुद्धिसरा वि.क. दलित प्रतिनिधी | सदस्य |
| श्री विमला वौडेल महिला प्रतिनिधी | सदस्य |
| श्री संयोजकले नियुक्ति गरेको भूमि क्षेत्रमा काम गरेको महिला | सदस्य |
| श्री संयोजकले नियुक्ति गरेको भूमि क्षेत्रमा काम गरेको अन्य | सदस्य |
| श्री पिताम्वर पाण्डे प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**निर्णय नं. ३**

पाल्पा जिल्ला प्रतिनिधी सभा निर्वाचन क्षेत्र नं. २ को सुरक्षित नागरिक आवास समन्वय समितिको निर्णय सहित तानसेन नगरपालिकाको लाभग्राहीहरुको विवरण प्राप्त हुन आएकोले उक्त विवरण वमोजिम सम्झौता गरी कार्वाही प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं ४**

तानसेन नगरको पर्यटकीय स्थल श्रीनगर पार्क कोभिड- १९ (कोरोना भाइरस) का कारण यस चालु आ.व.मा ठेक्का बन्दोवस्त हुन नसकेकोमा श्रीनगरको गरीमालाई बचाई राख्न श्रीनगर पार्कको संचालन

पितामबर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

र व्यवस्थापन गर्न आवश्यक भएकोले राजश्व परामर्श समितिको सिफारिस र को.ले.नि.को पाल्याको राय बमोजिम यस चालु आ.व. को बाकी अवधिको लागि ईच्छुक व्यक्ति वा संस्थाबाट आपसी समझदारी द्वारा प्रकृया पुरा गरी संचालन गर्ने र सो नभएमा तानसेन नगरपालिकाका मौजुदा कर्मचारीहरुबाट अमानतमा संचालन गर्ने साथै आगामी आ.व.को लागि टेण्डर प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिका वडा नं. ६ को वडा कार्यालय रहेको भवनको ४ वटा सटरहरु हालसम्म पनि ठेक्का बन्दोबस्त हुन नसकेकोले तानसेन नगरपालिकाका राजश्व परामर्श समितिको सिफारिस बमोजिम प्रति सटर प्रति महिना न्युनतम् भाडा रकम रु. ३०००। कायम गरी आगामी ५ बर्षको लागि ठेक्का बन्दोबस्त प्रक्रिया अगाडी बढाउने साथै बसपार्कमा रहेको नया भवन र पश्चिम नेपाल बस व्यवसायी प्रा.लि. संगै रहेको सटरको हाल सम्मको बाकी बक्यौता रकम असुल उपर गरी चैत्र मसान्त भित्र भवन तथा सटर खालि गरी आगामी ५ बर्षको लागि ठेक्का बन्दोबस्त प्रक्रिया अगाडी बढाउने निर्णय गरीयो ।

**निर्णय नं. ६**

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभागको सामाजिक सुरक्षा तथा व्यक्तिगत घट्ना दर्ता प्रणाली सुदृढिकरण आयोजना अन्तर्गत यस तानसेन नगरपालिकामा स्थापना भएको सेवा ईकाईका कर्मचारीहरुको आगामी आ.ब. २०७८।०७९ को लागि एक चौमासिकको तलब वापत हुन आउने वजेट साझेदारीको प्रतिवद्धता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

(क) तानसेन नगरपालिकाबाट सार्वजनिक निजी साझेदारी (सानिसा) वार्ता समिति (Dilogue Committee) को सिफारिसको आधारमा श्रीनगर सौन्दर्यीकरण निर्माण, व्यवस्थापन तथा सञ्चालन परियोजनाको लागि छनौट भएको संस्था/कम्पनी श्री प्रनि होल्डीङ्गस प्रा.लि., वि.पि.एस.लिजिङ्ग एण्ड म्यानेजमेण्ट प्रा.लि, सिटि स्क्वायर प्रा.लि. (जे.भी.) पोखरासँग समझदारी कार्य (Memorending of Understaining-MOU) गर्ने क्रममा उक्त कम्पनी (जेभी) बाट मिति २०७७।१०।०५ गते जिम्मेवार प्रतिनिधि उपस्थित भई १५ दिन पश्चात समझदारी पत्रमा हस्ताक्षर गर्ने गरी उपस्थित हुने जानकारी गराएको व्यहोरा ता.न.पा.को सानिसा समिति मार्फत बैठकमा जानकारी भयो ।

(ख) यस सम्बन्धमा उक्त कम्पनीबाट तोकिएको समयमा कुनै औपचारिक जानकारी र उपस्थिति नभएकोले नगर कार्यपालिकाको च.नं. २०२३, मिति २०७७।१२।०८ गतेको को पत्रबाट उक्त परियोजना कार्यान्वयन प्रक्रियामा त्यस कम्पनी (जेभी) सहभागी हुने वा नहुने बारे ७ दिन भित्र स्पष्टरुपमा लिखित जानकारी गराउनु हुन भनी पत्राचार गरिएकोमा उक्त कम्पनी (जेभी) को मिति २०७७।१२।०९ गतेको पत्रबाट कोभिड-१९ को असर र देशको हालको तरल राजनीतिक अवस्थाका कारण परियोजना सञ्चालन गर्न असमर्थ रहेको भनी असमर्थता जाहेर गरेकोले तानसेन नगरपालिकाको सानिसा ऐन, २०७४ को दफा २६ को आधारमा श्री प्रनि होल्डीङ्गस प्रा.लि., वि.पि.एस.लिजिङ्ग एण्ड म्यानेजमेण्ट प्रा.लि, सिटि स्क्वायर प्रा.लि. (जे.भी.) पोखरासंग यस आयोजनाको लागि कार्यगत सम्बन्ध स्थगन गरी पुनः सार्वजनिक निजी साझेदारीमा श्रीनगर

नगर प्रमुख

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

नगर प्रमुख

सौन्दर्यीकरण निर्माण, व्यवस्थापन तथा सञ्चालन परियोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाउने स्वीकृतिका लागि तानसेन नगर कार्यपालिकामा अनुरोध भई आएकोमा स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिका वडा नं. १३ को मिति २०७७।१२।४ मा बसेको वडा स्तरीय बैठकबाट निर्णय भई सिफारिस साथ योजना परिवर्तनका लागि पेश हुन आएका देहाएका योजनाहरु सम्शोधन गर्ने निर्णय

**क) साविकको योजनाः**

कोपेनीको पिपल देखि चुहानडाडासम्म जाने मोटरबाटो रु.२,००,०००।

**क) सम्शोधित योजनाः**

चुहान टोल बस्ती खानेपानी टंकी निर्माण रु. २,००,०००।

**ख) साविकको योजनाः**

माझी बस्ती बाल बालिका शैक्षिक गुणस्तर सुधार कार्यक्रम रु.१,००,०००।

**ख) सम्शोधित योजनाः**

माझी बस्तीमा उन्नत जातको बिउ बोका उपहार रु. १,००,०००।

**ग) साविकको योजनाः**

कृषि तथा पशु विकासका लागि रु.२,००,०००।

**ग) सम्शोधित योजनाः**

- पशु क्षेत्र अन्तर्गत तौल मेशिन खरिद रु. ७५,०००।
- प्लाष्टिक टनेल तथा कृषि सामाग्री खरिद रु. १,२५,०००।

**घ) साविकको योजनाः**

युवा खेलकुद तथा दैवी प्रकोप नियन्त्रण कार्यक्रम रु. २,५०,०००।

**घ) सम्शोधित योजनाः**

वडाका सबै खानेपानी मर्मत र नयाँ स्थानका लागि पाईप खरिद रु. २,५०,०००।

**निर्णय नं. ९**

तानसेन नगरपालिका वडा नं. १३ छेर्लुङ्को कुलो मर्मत गर्नका लागि माग भई आएकोले उक्त योजना संचालन गर्नका लागि मर्मत सम्भार कोष शिर्षकबाट खर्च गर्ने गरी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner